# कृषि प्राविधिकधारका विद्यालयमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५

प्रदेश सरकार

प्रदेश नं ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि प्राविधिकधारका विद्यालयमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**<u>प्रस्तावना:</u>** समग्र कृषि क्षेत्रको दिगो विकास र आर्थिक उन्नतिका लागि कृषि शिक्षा, अनुसन्धान र प्रसारको समन्वयकारी तथा महत्वपूर्ण भूमिका रहेको हुनाले, प्रदेश सरकार, प्रदेश नं ५ को आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रमको बुँदा नं. १२६ मा उच्च शिक्षाको विकासका लागि सार्वजनिक, सामुदायीक र नीजि साझेदारीलाई प्रोत्साहन गर्ने कुरा उल्लेख गरिएको र सोही बुँदालाई आधार मानि प्रदेश नं ५ मा रहेका प्राविधिक (कृषि तथा पशु) धारका विद्यालयलाई अनुदान दिन वाञ्छनीय भएकोले प्रदेश सरकार, प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "कृषि प्राविधिक धारका विद्यालयलाई अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तयार गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस कार्यविधिको नाम " कृषि प्राविधिक धारका विद्यालयमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. <u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "अध्ययन संस्थान" भन्नाले कृषि तथा पशुसँग सम्बन्धित विषयमा स्नातक स्तरको कार्यक्रम सञ्चालन गरीरहेका प्रदेश नं ५ भित्र सञ्चालनमा रहेका नेपाल सरकार मातहतका शैक्षिक संस्थाहरु सम्झनुपर्छ ।

(ख) "कार्यक्रम मूल्याँकन समिति" भन्नाले दफा ७ बमोजिमको समिति सम्झनुपर्छ।

(ग) "कार्यक्रम" भन्नाले कृषि प्राविधिक धारका विद्यालयलाई र अध्ययन संस्थालाई अनुदान दिने उद्देश्यले संचालित कृषि प्राविधिकधारका विद्यालयलाई अनुदान कार्यक्रम कार्यक्रम सम्झनुपर्छ।

(घ) "द्विपक्षिय/वहुपक्षिय सम्झौता" भन्नाले सम्वन्धित कार्यालय र साझेदारहरुका बीच प्राविधिक धारका विद्यालयलाई अनुदान कार्यक्रम कार्यक्रम सम्पन्न गर्नका लागी गरिएको सम्झौता सम्झनुपर्छ।

(ङ) "निर्देशनालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(च) "प्रस्ताव" भन्नाले भन्नाले कृषि प्राविधिक धारका विद्यालयलाई अनुदान कार्यक्रम सञ्चालन गर्नकोलागि कृषि प्राविधिक धारका विद्यालयले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरण सम्झनुपर्छ।

(छ) "कृषि प्राविधिक धारका विद्यालय" भन्नाले प्रदेश नं ५ मा रहेका सम्पूर्ण कृषि तथा पशुसँग सम्बन्धित विषयहरु अध्यापन गराईरहेका नेपाल सरकारबाट मान्यता प्राप्त सरकारी (सामुदायिक) विद्यालयलाई सम्झनुपर्छ। सो शब्दले अध्ययन संस्थानलाई समेत समेट्दछ ।

(ज) "समिति" भन्नाले दफा ६ बमोजिम अनुदानको दायरा किटान, परिचालन तथा व्यवस्थापन गर्न गठित अनुदान व्यवस्थापन समिति सम्झनुपर्छ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेश नं ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।

(ञ) "सम्बन्धित कार्यालय" भन्नाले मन्त्रालय मातहातका कार्यालयहरु सम्झनुपर्छ।

(ट) "स्थानिय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्दछ।

(ठ) "विज्ञ केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने जिल्लामा भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ।

(ड) "ज्ञान केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने जिल्लामा भएको कृषि ज्ञान केन्द्र सम्झनु पर्दछ ।

३. <u>उद्देश्यहरु:</u> यस कार्यविधिको उद्देश्यहरु देहायबमोजिम रहेका छनः-

(क) विद्यार्थीहरुको व्यवहारिक ज्ञानमा सुधार ल्याउदै प्रविधि प्रदर्शन तथा उपयोगको माध्यमबाट उद्यमशील बनाउने कार्यमा टेवा पुऱ्याउने।

(ख) कृषि तथा पशुसँग सम्बन्धित विषयमा अध्यापन कार्य गरीरहेका अध्ययन संस्थान तथा कृषि प्राविधिकधारका विद्यालयहरुको क्षमता विकासमा सहयोग पुऱ्याउने।

(ग) अध्ययन संस्थान तथा कृषि प्राविधिकधारका विद्यालयहरुबाट विकास गरीएका प्रविधिहरुको प्रसार तथा उत्पादन क्षेत्र विकास गर्ने ।

(घ) कृषि प्राविधिक धारका विद्यालयलाई अनुदान कार्यक्रम सरल, सहज र पारदर्शी ढंगबाट सञ्चालन गर्ने।

## परिच्छेद २

## कार्यक्रममा सञ्चालन विधि तथा क्रियाकलापहरु

**४. क्रियाकलापहरुः** यस कार्यक्रम अन्तरगत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालनको लागि अनुदान उपलब्ध गराईने छः

| क. सं. | क्रियाकलाप | अनुदान रकम |
|---|---|---|
| १ | प्रयोगशाला उपकरणहरु तथा रसायनहरु | कुल अनुदान रकमको अधिकतम २० प्रतिशत |
| २ | पुस्तकालय सुदृढीकरण | कुल अनुदान रकमको अधिकतम १० प्रतिशत |
| ३ | प्रविधि प्रदर्शन तथा उत्पादन क्षेत्र विस्तार | कुल अनुदान रकमको अधिकतम ७० प्रतिशत |
| ४ | ४.१ संरक्षित वागवानी खेती (Precision and Protected Horticulture) का लागि संरचना निर्माण | |
| | ४.२ सिंचाई व्यवस्थापन (थोपा सिंचाई, स्प्रिङ्कलर सिचाई आदी) | |
| | ४.३ नमुना भर्मिकम्पोष्ट उत्पादन सामाग्री तथा संरचना विकास | |
| | ४.४ नमुना च्याउ तथा मौरी उत्पादन सामाग्री तथा संरचना विकास | |
| | ४.५ नमुना मत्स्य पोखरी निर्माण | |
| | ४.६नमुना गोठ तथा खोर निर्माण | |

**५. कार्यक्रम सञ्चालन प्रकृयाः** (१) निर्देशनालय वा तोकेको कार्यालयले अनुसूची १ बमोजिमको १५ दिने सूचना प्रकाशन गर्नेछ।

(२) कार्यक्रममा सहभागी हुन ईच्छुक प्रदेश नं ५ भित्र रहेका सम्पूर्ण कृषि प्राविधिकधारका विद्यालयले अनुसूची २ बमोजिमको ढाँचामा आवेदन दिन सक्नेछन्। आवेदन पेश गर्दा प्रस्तावकहरुले अनुसूची ३ बमोजिमको संक्षिप्त कार्ययोजना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। तर अध्ययन संस्थानहरुको हकमा सिधै पत्राचार गरी ७ दिनभित्र आवेदन माग गर्न सक्ने ब्यवस्था गर्न सकिनेछ ।

(३) जिल्लागत प्राविधिकधारका विद्यालयहरुको हकमा सम्बन्धित कृषि ज्ञान केन्द्र वा विज्ञ केन्द्र को संयोजकत्वमा रहने दफा ७ बमोजिमको समितिले अनुसूची ४ बमोजिम मूल्याङ्कन गरी अनुदान व्यवस्थापन समितिमा सिफारिस गर्नेछ।

(४) दफा ७ बमोजिमको समितिले सिफारिस गरे अनुसार औचित्यताका आधारमा प्रदेश नं ५ भित्रका प्रत्येक जिल्लामा एक-एक वटा कृषि प्राविधिक विद्यालयहरुका अनुदान व्यवस्थापन समितिले अनुदान स्विकृत गरी अनुसूची ५ बमोजिमको सम्झौता कार्य गर्ने/गराउने कार्यका लागि निर्देशनालयलाई निर्देशन गर्नेछ।

(५) अध्ययन संस्थानको हकमा दफा ६ बमोजिमको अनुदान व्यवस्थापन समितिले प्रस्तावनाहरुको मूल्याङ्कन गर्नका लागि आवश्यक मूल्याङ्कनका मापदण्डहरु तयार गरी मुल्याङ्कन गरी स्वीकृत गर्नेछ।

## परिच्छेद ३

## समिति सम्बन्धी व्यवस्था

**६. अनुदान व्यवस्थापन समितिः** (१) कृषि प्राविधिक धारका विद्यालयलाई अनुदान कार्यक्रम सञ्चालन, व्यवस्थापन, समन्वय एवम् सहजीकरण गर्नको लागि देहाय बमोजिमको एक अनुदान व्यवस्थापन समिति रहने छ ।

| | |
|---|---|
| (क) निर्देशक, कृषि विकास निर्देशनालय | संयोजक |
| (ख) प्रमुख, पशुपन्छी तथा मत्स्य निर्देशनालय वा प्रतिनिधि | सदस्य |
| (ग) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | सदस्य |
| (घ) लेखा अधिकृत वा प्रतिनिधि, कृषि विकास निर्देशनालय | सदस्य |
| (ङ) प्रतिनिधि, अधिकृतस्तर, मूख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय | सदस्य |
| (च) प्रतिनिधि, अधिकृतस्तर, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (छ) प्रमुख, योजना तथा अनुगमन शाखा, कृषि विकास निर्देशनालय | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार ३ जना आमन्त्रण गर्न सकिने छ ।

(३) अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सहयोग प्राप्त गर्ने अध्ययन संस्था छनौटका लागि न्युनत्तम मापदण्ड तोक्ने, मुल्याङ्कनका आधारहरु तोक्ने, मुल्याङ्कन गर्ने/गराउने र सम्झौताका लागि कार्यालयलाई सिफारिस गर्ने ।

नोटः आ.ब. २०७५/७६ को स्वीकृत कार्यक्रम संचालनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय बमोजिम भएको कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(ख) अनुदान रकमको हिसाव पेश नगर्ने वा सदुपयोग नगर्ने प्रस्तावकलाई कारवाहीका लागि प्रक्रिया अगाडी बढाउने।

(ग) अनुदान व्यवस्थापन सम्वन्धी आवश्यक निर्णय गर्ने ।

(घ) कार्यक्रम सञ्चालन लागि कार्यक्रम कार्यान्वयन समितिलाई आवश्यक निर्देशन दिने।

**७. <u>कार्यक्रम मूल्याङ्कन समितिः</u>** (१) कार्यक्रम सञ्चालनमा सहजता ल्याउन देहाय बमोजिम कार्यक्रम कार्यान्वयन समिति गठन गरिनेछ।

| | |
|---|---|
| (क) प्रमुख, ज्ञान केन्द्र/विज्ञ केन्द्र | संयोजक |
| (ख) प्रमुख, प्राविधिक शिक्षा हेर्ने जिल्लास्तरको इकाई | सदस्य |
| (ग) विषयगत अधिकृत, सम्बन्धित ज्ञान केन्द्र/विज्ञ केन्द्र | सदस्य |
| (घ) प्रमुख, प्रशासन फाँट, सम्बन्धित ज्ञान केन्द्र/विज्ञ केन्द्र | सदस्य सचिव |

समितिमा आवश्यकता अनुसार बढीमा ३ जना आमन्त्रित सदस्य राख्न सकिनेछ ।

(२) कार्यक्रम कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्राप्त आवेदनहरुको अनुसूची २ बमोजिमको संलग्न गर्नुपर्ने कागजातका आधारमा सर्टलिस्ट गर्ने।

(ख)प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको विस्तृत आयोजना (पूर्ण प्रस्तावना) को मूल्याङ्कन गर्ने, गराउने।

(ग) स्थलगत निरिक्षण गर्ने वा उप समिति मार्फत निरीक्षण गराउने ।

(घ) मूल्याङ्कन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधिभित्र रही सम्झौताको लागि निर्णय गर्ने।

(३) उपदफा (१) बमोजिमको समितिले अनुदान व्यवस्थापन समितिको निर्देशन बमोजिम कार्य सम्पादन गर्नेछ।

## परिच्छेद ४

## <u>सम्झौता तथा अनुदान रकम प्रवाह सम्बन्धी व्यवस्था</u>

८. **<u>सम्झौता अनुसार कार्यक्रम सञ्चालन हुनेः</u>** (१) कार्यक्रम सञ्चालनको लागि अनुसूची ५ अनुसार सम्झौता गरी सोही बमोजिम अनुदान रकम प्रवाह गरिनेछ

तर, यसरी अनुदान प्रवाह गर्दा प्राविधिक धारका विद्यालयहरुको हकमा प्रत्येक जिल्लाबाट एउटा मात्र प्राविधिक धारको विद्यालयलाई प्रस्तावित कूल रकमको ७५% वा अधिकतम ने.रु. २७,५०,०००/- (अक्षरुपी सत्ताईस लाख पचास हजार मात्र) र अध्ययन संस्थानको हकमा प्रस्तावित कूल रकमको ५०% वा अधिकतम ने.रु. ३०,००,०००/- (अक्षरुपी तीस लाख मात्र) मध्ये जुन कम हुन आउछ सोही रकम उपलब्ध गराईनेछ।

(२) कार्यक्रम सञ्चालनको लागि पेश्कीको व्यवस्था गरिने छैन। अनुदानग्राहीले कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न भएको प्रतिवेदन र अन्य सबै आवश्यक कागजातहरु सहित भुक्तानीका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ।

(३) भुक्तानी गर्दा सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रले स्थलगत अनुगमन गरी सम्पादित कामको मूल्याङ्कन गरे बमोजिम सिफारिसका आधारमा दुई किस्तामा भुक्तानी हुनेछ।यसरी भुक्तानी गर्दा ५० प्रतिशत सम्पादित कार्यपश्चात अनुदान रकमको पहिलो किस्ता वापत ४० प्रतिशत  र शतप्रतिशत कार्यसम्पादन पश्चात प्रतिवेदनका आधारमा बाँकी ६० प्रतिशत अनुदान रकम भुक्तानी हुनेछ।

(४) अनुदान रकम प्रवाह गर्दा अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ र सो को सदुपयोग, खर्च व्यवस्थापन तथा लेखा राख्ने, लेखा परिक्षण गर्ने दायित्व समेत अनुदानग्राहीको हुनेछ ।

(५) चालु आ.व.को असार ०१ गते भित्र भुक्तानी माग्न नआएमा भुक्तानीका लागि भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा मातहतका कार्यालय बाध्यकारी हुने छैन।

(६) अन्य विषयहरु सम्झौता पत्रमा उल्लेख भए अनुसार प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद ५

## अनुगमन सम्बन्धी व्यवस्था

**९. कार्यक्रमको अनुगमनः** कार्यक्रमको अनुगमन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र मातहतका कार्यालयबाट गरिनेछ।

## परिच्छेद ६

## विविध

**१०. प्रचलित कानूनबमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेख नभएको अन्य कुराहरु प्रचलित नियम कानून बमोजिम हुनेछ।

**११. सूचना दिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादि खुलेको होर्डिङबोर्ड कार्यक्रम सञ्चालन स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

**१२. बाधा अड्चन निरुपण, खारेजी एव संशोधन** (१) यस कार्यविधि कार्यान्वयनमा केही द्विविधा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ । यस सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

(२) यस कार्यविधिको संशोधन र खारेजी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गर्न सक्नेछ।

**१३. थपघट वा हेरफेर गर्न सक्ने** (१) यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

अनुसूची १

(दफा ५को उपदफा (१) सँग सम्बन्धीत)

**कृषि प्राविधिक धारका विद्यालयलाई सहयोग कार्यक्रमको लागि प्रस्ताव अह्वानको सूचनाको ढाँचा**

यस कार्यालयको आ.व.२०......./............. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्राविधिकधारका विद्यालयलाई अनुदानकार्यक्रम रहेको हुँदा इच्छुक प्राविधिकधारका सरकारी विद्यालयहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित कृषि ज्ञान केन्द्रमा तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनुहोला । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु सम्लग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

तपशिलः

१.अनुसूची २ अनुसारको आवेदन फारम र तोकिएका कागजातहरु।

२.अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना।

अनुसूची — २

(दफा ५को उपदफा (२) सँग सम्बन्धीत)

**कृषि प्राविधिकधारका विद्यालयलाई सहयोग कार्यक्रमको सहयोग प्राप्त गर्नका लागि दिईने आवेदन-पत्रको नमूना**

श्री प्रमुख ज्यू,

कृषि ज्ञान केन्द्र

..................... ।

**विषयः प्राविधिकधारका विद्यालयलाई सहयोग कार्यक्रम सम्बन्धमा।**

महोदय,

यस विद्यालय श्री .........................................लाई उक्त अनुदान सहयोग प्राप्त गरि .......................... कार्य गर्न आवश्यक भएकोले निम्नानुसार कागजात संलग्न गरी निवेदन गरिएको छ । विद्यालयले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध छ।

तपशिल

१. अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. शिक्षा विकास तथा समन्वय ईकाईवाट सामूदागिक विद्यालय भनी प्रमाणित गरि कार्यक्रममा सहभागिताका लागि सिफारिस पत्र
३. कृषि तथा पशु सम्वन्धि प्राविधिक शिक्षा अध्यापनका लागि अनुमती पत्रको प्रतिलिपी
४. आ.ब. २०७४/७५ को लेखापरिक्षण प्रतिवेदन
५. लालपुर्जाको प्रमाणपत्रको प्रतिलिपी (जग्गा भाडामा लिएको हकमा न्युनत्तम १५ वर्षका लागि प्राविधिक धारका विद्यालयलाई उपलब्ध गराईएको सम्झौता पत्र समेत)
६. विद्यालय सञ्चालक समितिको निर्णयको प्रतिलिपि १ प्रती
७. प्रश्तावको लगानी सुनिश्चितता खुल्ने आ.व. २०७५/७६ को सुचना प्रकाशन भएको महिनासम्मको प्राविधिक धारको विद्यालयको बैंक खाताको कारोवार र संचिती विवरण (बैंक स्टेटमेन्ट )/स्थानिय तहको लगानीका लागि प्रतिवध्दता पत्र ।

<u>विद्यालयको</u>

नाम र छापः

प्रमुखको दस्तखतः

ठेगानाः सम्पर्क नं.

## अनुसूची ३
### (दफा ५ को उपदफा (२) सँग सम्बन्धीत)
### कृषि प्राविधिकधारका विद्यालयलाई सहयोग कार्यक्रमको संक्षिप्त कार्ययोजना

१. विद्यालय/संस्थानको नाम : ..................................................................

२. ठेगानाः जिल्लाः ............................... गा.पा./न.पा. ........................... वडा नं ........

गाउँ/टोल: ..............................

३. प्राविधिक विद्यार्थीहरुको संख्याः

| क्र. सं. | विद्यालयको कार्यक्रम (कोर्स) | विद्यार्थी संख्या | महिला | पुरुप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

४. आ.ब. २०७४/७५ को नतिजामा उत्तिर्ण विद्यार्थी संख्या

परिक्षामा सामेल कृषि/पशु अध्ययन गरेका प्राविधिक विद्यार्थी...........

परिक्षामा उत्तिर्ण गरेका कृषि/पशु अध्ययन गरेका प्राविधिक विद्यार्थी उत्तिर्ण.........

परिक्षामा सामेल कृषि/पशु अध्ययन गरेका प्राविधिक विद्यार्थी उत्तिर्ण प्रतिशत ......

५. अनुदान माग गरेको शिर्षक/विषयः.............

६. हालको अवस्था..........................

७. अनुदान माग गरेको अनुदान रकमः.............................

८. आफ्नो लगानी :

**संचालन गरिने क्रियाकालपहरु**

| क्र.स | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | विधालयको लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

९. प्रस्तावित नमूना प्रदर्सन तथा उत्पादन क्षेत्र विस्तार कार्यक्रमको व्यवसायिक योजना

१०.१ उत्पादन योजना ( उत्पादन के, किन, कसरी, कहाँ, कहिले, कुन-कुन सामग्री र लागत लगाएर कति कति मात्रामा कुन-कुन वस्तु उत्पादन हुनेछ अनिवार्य खुलाउने)

१०.२ आपुर्ती योजना (कुन-कुन सामाग्री के कति मात्रा र लागतमा कहा कहा वाट कसरी जुटाईन्छ समेत अनिवार्य उल्लेख गर्ने)

१०.३ वित्तिय योजना (लगानीका कति श्रोतहरु, कहाँ-कहाँबाट, के कसरी जुटाईन्छ ? के कति आम्दानी र वार्षिक वचत हुन्छ ? वार्षिक प्रति एकाई लागतले कति प्रतिफल दिन्छ र लगानी उठाउन कति समय लाग्छ सो को हिसाव र योजना अनिवार्य उल्लेख गर्ने)

१०.४ बजारीकरण योजना

(कूल उत्पादित बस्तुको के कति मात्रा कसरी बजारीकरण हुन्छ अनिवार्य खुलाउने)

१०. विगत २ वर्षमा प्रस्तावित नमूना प्रदर्शन तथा उत्पादन क्षेत्र विस्तार कार्यक्रम सम्वन्धी अभ्यासमा विद्यालयको अनुभव ।

११. प्रस्तावित क्रियाकलापहरुमा विद्यार्थी परिचालन तथा संरचनाहरु उपयोग तथा सम्वर्धन योजना

१२. प्रस्तावित क्रियाकलापहबाट कृषि प्रसार र कृषकहरुलाई पुग्ने सेवा

१३. प्रयोगशाला तथा पुस्तकालयबाट कृषकहरुले पाउने सुविधा

१४. कृषकहरु लाभान्वित हुने संख्या र सम्भावनाः...............................

१५. कार्यक्रम सञ्चालन हुने क्षेत्रफल............................

१६. बुँदा नं. ९ अनुसारका कार्यक्रम सञ्चालन गर्ने समय तालिकाः

| क. स. | क्रियाकलाप | चैत्र | वैशाख | जेष्ठ | असार १ सम्म |
|---|---|---|---|---|---|
| | | | | | |

अपेक्षित प्रतिफल

विद्यालयको छापः

प्रमुखको नामः सम्पर्क नं

# अनुसूची ४
## (दफा ५ को उपदफा ३ सँग सम्बन्धीत)
## कृषि प्राविधिकधारका विद्यालयलाई सहयोग कार्यक्रमको
## प्रस्ताव मूल्याङ्कन फारम

| क.सं | द.नं | आवेदकको नाम | ठेगाना | | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लाभान्वित हुने विद्यार्थी संख्या (१०) | विद्यालयको बिगतको कार्यसम्पादन (आ.व. २०७४/७५ को नतिजामा उत्तिर्ण प्रतिशत ) (१५) | पेश गरेको व्यावसाय योजना तथा कार्ययोजना (५५) | कृषकहरु लाभान्वित हुने सम्भावना तथा कृषि क्षेत्रमा योगदान (२०) | कुल प्राप्ताङ्क (१००) |
| | | | | <२०=० | <४०=५ | उत्पादन योजना- १० | कृषकलाई प्रविधि विस्तार-१० | |
| | | | | २०-३०=५ | ४०-६०=१० | बजार योजना-१० | कृषकलाई प्रयोगशाला सुविधा-१० | |
| | | | | >३०=१० | >६०=१५ | वित्तिय योजना-५ | | |
| | | | | | | आपुर्ती योजना-५ | | |
| | | | | | | प्राविधिक उपयुक्तता-१० | | |
| | | | | | | अनुभव-५ | | |
| | | | | | | विद्यार्थी परिचालन तथा पूजिगत सम्वर्धन योजना-१० | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मितिः

१.

२.

३.

४.

५.

## अनुसूची ५

### (दफा ५ को उपदफा (४) सँग सम्बन्धीत)

### कृषि प्राविधिक धारका विद्यालयलाई सहयोग कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता पत्रको नमूना

प्रदेश सरकार, प्रदेश नं ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय द्वारा कृषि ज्ञान केन्द्र .................... मार्फत सञ्चालन गरिने चालु आ.व. ............ को स्वीकृत ...................................... कार्यक्रम सञ्चालन गर्न ....................................... कार्यालय (यस भन्दा पछाडी प्रथम पक्ष भनिने) विशिष्टताका आधारमा छनौट भएका विद्यालय श्री .................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरि गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/ सहमति भएको छ ।

१. कृषि विकास निर्देशनालले प्राविधिकधारका विद्यालय/संस्थानलाई कार्यक्रम सञ्चालनको लागि कार्ययोजना अनुसार कार्य सम्पादन पश्चात एकमुष्ट भुक्तानी / कार्यविधी अनुसार रकम अनुदान स्वरुप उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सहयोग प्राप्त गरि आफुले आवेदन गरे अनुसारको ........................ कार्यक्रम सञ्चालन गर्नेछ ।

३ दोस्रो पक्षले प्रस्तावना अनुरुपका कार्यक्रम तथा खरिद कार्यहरुको बिस्तृत कार्ययोजना १५ दिनभित्र पेश गरी प्रचलित कानुन बमोजिम कार्य गर्नुपर्नेछ ।

४. प्रथम पक्ष / कृषि विकास निर्देशनालय, रुपन्देहीले समय सापेक्ष नियमित रुपमा कार्यक्रम सञ्चालन गरे नगरेको अनुगमन गराउनेछन ।

५. यो सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृति प्रकोप / भवित्व्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम आफै हुनेछ ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्ष | दोश्रो पक्ष |
| कार्यालयको तर्फबाट सही गर्नेको | विद्यालय/संस्थानको तर्फबाट सही गर्नेको |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | औंठाको छापः |
| | दाः बाः |